# परिच्छेद- ५
# दीर्घकालीन एकीकृत सहकारी रणनीतिक योजनाको कार्यान्वयन व्यवस्था

## ५.१ रणनीतिक योजना कार्यान्वयनको अवधारणा र दृष्टिकोण

यस दीर्घकालीन रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि देहायका अवधारणा र दृष्टिकोण अवलम्वन गरिनेछः

(क) रणनीतिक योजनाको कार्यान्वयनका लागि वहुपक्षीय अवधारणा र दृष्टिकोण अवलम्वन गरिनेछ । यसमा रणनीतिक कार्यान्वयन, संरचनागत सक्षमता हासिल गर्ने, पद्धतिगत उपयुक्तता, मनोव्यवहारगत क्षमता विकास एवं व्यापक सहकार्य र साझेदारीको दृष्टिकोण अवलम्वन गरिनेछ ।

(ख) परिवर्तनको सिद्धान्तले कुनै सुधार वा परिवर्तन कसरी कार्यान्वयनमा ल्याउन सकिन्छ र किन कुनै सुधारको प्रयासलाई उपलब्धिमूलक बनाउन सकिन्छ भन्ने कुराको वस्तुगत आधार निर्माण गर्दछ । यसलाई परिवर्तन र सुधारको मार्गचित्र, सक्षमता, कार्यान्वयनका तरिका, समस्या र समाधानका उपाय, आदिको संयोजित रुपमा अंगिकार गरिनेछ ।

(ग) रणनीतिक योजनाको प्रभावकारिता र उपयुक्तता यसको कार्यान्वयन र प्राप्त नतिजामा आधारित हुन्छ । प्रस्तावित रणनीतिक योजनाले अपेक्षा गरे अनुसारको उपलब्धि र नतिजा हासिल गर्न राजनीतिक क्षमता र इच्छाशक्तिको उचित संयोजन र समन्वयन गरिनेछ । साथै सफल कार्यान्वयनका लागि विवेकशीलता (Logic and Rationality), मनोवेगात्मक क्षमता (Emotional Competence) र रणनीतिक पहल (Strategic Move) आवश्यक पर्दछ ।

(घ) रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि शासकीय र विकास पद्धतिमा मूलप्रवाहीकरण, सवल र अनुकूल वातावरणको निर्माण, सक्षम कार्यान्वयन व्यवस्था, प्रभावकारी अनुगमन र मूल्यांकनका साथै सरोकारवाको अर्थपूर्ण साझेदारी र सहकार्यको सुनिश्चितता गरिनेछ । कार्यान्वयनका लागि सवल र अनुकूल वातावरणको निर्माणका लागि राजनीतिक स्वामित्व, समर्थन र सहयोगका साथै सरोकारवाला सबैको सद्भाव र सार्थक सहभागिता हासिल गरिनेछ । यसका लागि सूचना, शिक्षा र संचार कार्यनीति र योजनाको उपयोग गरी रणनीतिक योजना प्रतिको सचेतना र सकारात्मकताका लागि अधिवाचन र पैरबी गरिनेछ ।

(ङ) त्यसैगरी सक्षम कार्यान्वयन व्यवस्था अन्तरगत रणनीतिक कार्ययोजना, पर्याप्त र उपयुक्त कानुनी व्यवस्था, समर्पित र सक्षम संस्थागत व्यवस्था, कार्यसम्पादनमा आधारित व्यवस्थापन पद्धति, संरचनागत तथा मनोव्यवहारगत समन्वय र सामन्जस्यको विश्वसनीयता हासिल गरिनेछ ।

(च) रणनीतिक योजना कार्यान्वयनमा अवरोध गर्ने पक्षको समयमै पहिचान गर्ने र कार्यान्वयनमा आइपर्ने जोखिमको पूर्वानुमान र समाधानको तत्परता जस्ता सक्षमताको विकास गरिनेछ ।

(छ) कार्यान्वयनको नतिजाको गुणस्तरको सुनिश्चिततताका लागि अनुगमन र समीक्षा प्रणालीलाई सक्रिय र प्रभावकारी तुल्याई कार्यान्वयनमा आइपर्ने समस्याको समयमै पहिचान गर्ने र समाधान गर्ने पद्धति निर्माण गर्नु पर्दछ । त्यसैगरी कार्यसम्पादन र नतिजाप्रतिको जवाफदेहिता स्पष्ट पारिनु पर्दछ । रणनीतिक योजना कार्यान्वयनको नतिजाको स्तरसंग प्रोत्साहन प्रणाली आवद्ध गरिनेछ ।

(ज) रणनीतिक योजनालाई गतिशील र निरन्तर सुधारको पद्धतिसहित गुणात्मक बनाउन प्रभावकारिताको मूल्यांकन गरी निरन्तर रुपमा सुधार र परिमार्जन गर्दै लगिनेछ ।

## ५.२ रणनीतिक योजना कार्यान्वयनका लागि कानुनी तथा संस्थागत व्यवस्था

उपयुक्त र पर्याप्त कानुन एवं सक्षम संस्थागत व्यवस्था रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि पूर्वाधारका रुपमा रहने वास्तविकतालाई आत्मसात गर्दै देहाय बमोजिमको कानुनी र संस्थागत व्यवस्था गरिनेछः

(क) संविधानमा उल्लिखित संघ तह, प्रदेश तह तथा स्थानीय तहमा निहित शासन र विकासको अधिकार र जिम्मेवारी सापेक्ष हुनेगरी सहकारी क्षेत्रलाई समतलीय तथा उध्वतलीय समन्वय, सामन्जस्य र अन्तरसम्बन्ध कायम गरी रणनीतिगत र संरचनागत मूलप्रवाहीकरण गरिनेछ ।

(ख) रणनीतिक योजनाले अपेक्षा गरे अनुसारको सहकारी गतिशीलता हासिल गर्न तथा उपलब्धि र नतिजा हासिल गर्न अभिप्रेरित गर्ने गरी सहकारी मैत्री सिद्धान्त, मूल्य, मापदण्ड र आधार अनुकूलको कानुनी व्यवस्थाका लागि सहकारी सम्वद्ध प्रवर्द्धनमुखी नीति र कानुनी व्यवस्था अवलम्वन गरिनेछ । यसका लागि आवश्यकता अनुसार नीतिगत व्यवस्था र कानुनी व्यवस्थाको परिमार्जन र पुनर्लेखनको कार्यलाई प्राथमिकता साथ सम्पन्न गरिनेछ ।

(ग) सहकारी उद्यमशीलता प्रवर्द्धन र प्रोत्साहनलाई सघाउन, सहकारी सुशासनलाई सुनिश्चित गर्ने र सहकारीको वित्तीय जोखिम व्यवस्थापन गर्न सक्षमता हासिल हुने गरी थप कानुनी व्यवस्था गरिनेछ जसबाट सहकारीलाई उच्च कार्यसम्पादनको क्षेत्र (High-Performing Sector) का रुपमा स्थापित गर्न सकिनेछ ।

(घ) रणनीतिक योजनाको कार्यान्वयनलाई उद्देश्यपरक र नतिजामूलक तुल्याउन देहाय बमोजिमको जिम्मेवारीसहितको संस्थागत व्यवस्था गरिनेछः

| | संस्थागत व्यवस्था | जिम्मेवारी |
|---|---|---|
| १ | सहकारीसम्वद्ध मन्त्रालय | रणनीतिक योजना कार्यान्वयनको नेतृत्व र कार्यकारी व्यवस्थापन तथा अन्तरतह । अन्तरमन्त्रालय । निकाय समन्वय र सामन्जस्य तथा मूलप्रवाहीकरण, सिद्धान्त, मापदण्ड र आधार निर्माण, प्रोत्साहन र सहजीकरण |
| २ | निर्देशक समिति | नीति कार्यान्वयनको समन्वय र निर्देशन तथा अनुगमन र मूल्यांकन, समीक्षा |
| ३ | राष्ट्रिय सहकारी विकास बोर्ड | नीति विश्लेषण र सल्लाह, प्राविधिक संयोजन, संस्थागत क्षमता विकास, विकास योजना र कार्यक्रम कार्यान्वयन, सहकार्य र साझेदारी प्रवर्द्धन, अनुसन्धान र विकास |
| ४ | सहकारी सम्वद्ध संघसंस्था | सहकारी सुशासन र व्यावसायिक स्वायत्तताको प्रयोग, सहकारीसापेक्ष सिद्धान्त र मूल्य तथा नैतिकताको स्तरको पालना, सक्षम सहकारी व्यवस्थापन |
| ५ | सहकारीसम्बन्धी प्राज्ञिक तथा अनुसन्धान र विकास प्रतिष्ठान | प्राज्ञिक संयोजन र प्रवाह, अनुसन्धान र विकास, व्यावसायिक तथा पेशागत क्षमता विकास |
| ६ | विचार समूह (Think Tank) | स्वतन्त्र मूल्यांकन, सल्लाह र परामर्श |

(ङ) राष्ट्रिय योजना आयोग, प्रदेश तथा स्थानीय तहका योजना संगठनमा सहकारी क्षेत्रको सहभागितात्मक प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।

(च) मुलुकको (संघ, प्रदेश तथा स्थानीय तह) राजश्व तथा बजेटसम्बन्धी नीति निर्माण गर्ने संरचनामा सहकारी क्षेत्रको सक्रिय सहभागिता गराइनेछ ।

## ५.३ रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन र मूल्यांकन व्यवस्था

(क) रणनीतिक योजना कार्यान्वयनको प्रत्येक पांच बर्षको २ बर्ष ६ महिना पश्चात मध्यकालीन तथा प्रत्येक ५ बर्षको अवधिपश्चात योजना कार्यान्वयनको स्वतन्त्र

रुपमा प्रभावकारिता मूल्यांकन गरी आवश्यकता अनुसार रणनीतिगत परिमार्जन र सुधार गरिनेछ ।

(ख) रणनीतिक योजना कार्यान्वयनको प्रभावकारिता मापनका लागि उपलब्धिको अनुगमन तथा मूल्यांकन गर्नका कार्यसम्पादन नतिजा परीक्षण सूचक निर्माण गरी लागू गरिनेछ ।

(ग) कार्यान्वयनको प्रभावकारिता परीक्षण गर्न सरोकारवालाको सहभागितामा व्यावसायिक तथा सामाजिक परीक्षण विधि एवं लैंगिक परीक्षण र वातावरण परीक्षण अवलम्वन गरिनेछ ।

(घ) अनुगमन र मूल्यांकनलाई वस्तुगत तथ्य र प्रमाणमा आधारित तुल्याउन "एकीकृत सहकारी सूचना व्यवस्थापन पद्धति" को विकास गरी कार्यान्वयनमा ल्याइनेछ ।

(ङ) सहकारी सम्वद्ध मन्त्रालय तथा राष्ट्रिय सहकारी विकास बोर्डलाई रणनीतिक तथा नतिजामूलक उपलब्धि र प्रभावकारिता अनुगमन र मूल्यांकन गर्न तथा सो का आधारमा सुधार गर्नका लागि सक्षम बनाइनेछ ।

(च) राष्ट्रिय सहकारी विकास बोर्डलाई सहकारी क्षेत्रको नियमन, कार्यक्रम कार्यान्वयन र उपलब्धिको नतिजा मापन गरी अनुगमन र मूल्यांकन गर्न सक्ने गरी संस्थागत क्षमतामा सुधार गरिनेछ ।

(छ) सहकारीक्षेत्रको विकास तथा व्यवस्थापनका लागि संचालन गरिने पेशागत तथा व्यावसायिक क्रियाकलापको अनुगमनका लागि सहकारीसम्बद्ध संघसंस्थालाई जिम्मेवार तुल्याउने गरी संस्थागत क्षमता सुदृढ गरिनेछ ।

(ज) योजना कार्यान्वयनको नतिजालाई सम्वद्ध पक्ष र सरोकारवालालाई सुसूचित गर्ने गरी प्रत्येक बर्ष सार्वजनिकीकरण गरी विकासात्मक अनुपोषण प्राप्त गरिनेछ ।

(झ) सहकारीसुशासन र विकास योजना कार्यान्वयनको अनुगमन र मूल्यांकनलाई व्यवस्थित र पारदर्शी तुल्याउन विशेषीकृत अनुगमन तथा मूल्यांकन निर्देशिका बनाई कार्यान्वयनमा ल्याइनेछ ।

(ञ) संघ, प्रदेश र स्थानीय तहमा गरिने सहकारीसम्बन्धी नीति र योजना कार्यान्वयन समीक्षा गोष्ठी एवंराष्ट्रिय विकास समस्या समाधान समिति र मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा यस रणनीतिक योजना कार्यान्वयनको अनुगमन तथा समीक्षा गरिनेछ ।

(ट) रणनीतिक योजनाको प्रदेश तह तथा स्थानीय तहमा कार्यान्वयनका लागि प्रदेश सरकार तथा स्थानीय तहसंग आपसि समझदारी गरिनेछ ।

(ठ) रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि सचेतना र पैरबीको कार्यलाई प्रभावकारी तुल्याउन प्रत्येक तहमा सूचना, शिक्षा तथा संचार कार्यनीति लागू गरिनेछ ।

## ५.४ विशेषीकृत रणनीति र कार्ययोजना

(क) यस रणनीतिक योजनालाई सहकारी क्षेत्रको विकास र सुशासन हासिल गर्नका लागि संघ तहका विभिन्न क्षेत्रगत विकास नीतिहरु, प्रदेश तहका शासकीय तथा विकास संरचना एवं स्थानीय तहको सहकारी क्षेत्रका लागि मार्गदर्शक नीतिगत आधारका रुपमा उपयोग गरिनेछ ।

(ख) यस रणनीतिक योजनासम्बद्ध विषयमा आवश्यकता अनुसार विशेषीकृत रणनीति, योजना र कार्यक्रम सहभागितामूलक तरिकाले तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

(ग) विकासका विभिन्न क्षेत्रगत तहमा सहकारीको विषयलाई समावेश गर्न योजनावद्ध रुपमा समन्वय र सहजीकरण गरिनेछ ।

(घ) सहकारी क्षेत्रका लागि सार्वजनिक क्षेत्रको योगदान स्पष्ट हुने गरी संघ, प्रदेश तथा स्थानीय तहमा विशेष लगानी योजना बनाई स्रोत परिचालन गरिनेछ ।

(ङ) कार्यान्वयनलाई योजनावद्ध, व्यवस्थित र नतिजामूलक तुल्याउन सहभागितामूलक तरिकाले कार्ययोजना बनाई लागू गरिनेछ ।

(च) रणनीतिक योजनाले प्रस्ताव गरेका उपलब्धि तथा नतिजाको क्षेत्र अनुसारका क्रियाकलाप संचालन गर्न योजनाको पहिलो पांच बर्षका लागि कार्ययोजना प्रस्तुत गरिएको छ । पहिलो पांच बर्षको योजना कार्यान्वयनको प्रगति समीक्षाका आधारमा बांकी अवधिका लागि कार्यान्वयन योजना बनाई कार्यान्वयन गर्न सिफारिश गरिएको छ । रणनीतिक योजनाको कार्यान्वयन योजना देहाय बमोजिम प्रस्तुत गरिएको छः

| उपलब्धि र नतिजाको क्षेत्र | संचालन गरिने क्रियाकलाप | जिम्मेवार निकाय | कार्यान्वयनको समयतालिका (शुरुआत गर्ने र पांच बर्षको अवधिसम्म निरन्तरता दिने) पहिलो पांच बर्षको | | | | | नतिजा अनुगमन सूचक |
|---|---|---|---|---|---|---|---|---|
| ***(क)सहकारी क्षेत्रको वित्तीय स्रोत, श्रम, सीप र पुंजीको परिचालन गरी सहकारी उन्मुख आर्थिक समृद्धि हासिल गर्ने ।*** | १. समष्टीगत आर्थिक नीतिमा सहकारी क्षेत्रको मान्यता | सहकारीसम्वद्ध मन्त्रालय | पहिलो बर्ष | दोस्रो बर्ष | तेस्रो बर्ष | चौथो बर्ष | पांचौ बर्ष | सहकारीको प्राथमिकता कायम |
| | २. विषयगत क्षेत्र ( कृषि, पर्यटन, उद्योग, पूर्वाधार विकास, बैंकिंग, यातायात, वन, आधारभूत | सम्बन्धित मन्त्रालय | ⇨ | | | | | संघ, प्रदेश र स्थानीय तहमा सहकारी कार्यक्रम |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सेवा) मा रोजगारी प्रवर्द्धनका विशेष योजना तथा कार्यक्रम | | | | | | | |
| | ३.सहकारी उद्यमशीलता विकास कार्यक्रम | राष्ट्रिय सहकारी विकास बोर्ड | → | | | | | सहकारीमा उद्यमशीलता |
| | ४. महिला सहकारी उद्यमशीलता विकास कार्यक्रम | राष्ट्रिय सहकारी विकास बोर्ड | → | | | | | सहकारीमा महिला उद्यमशीलता |
| | ५. सहकारी उद्यमशीलताका लागि व्यावसायिक विकास सहयोग | राष्ट्रिय सहकारी विकास बोर्ड | → | | | | | सहकारीमा व्यावसायिक क्षमता विकास |
| | ६. युवा लक्षित सहकारी उद्यमशीलता विकास | राष्ट्रिय सहकारी विकास बोर्ड | → → | | | | | सहकारीमा युवा उद्यमशीलता |
| | ७. सहकारीसापेक्ष उद्यमशीलता प्रवर्द्धनका लागि अनुसन्धान | राष्ट्रिय सहकारी विकास बोर्ड | | | | | | सहकारी उद्यमशीलताका लागि अनुसन्धान |
| | ८. सहकारी प्राज्ञिक तथा प्रशिक्षण प्रतिष्ठानको स्थापना | सहकारीसम्वद्ध मन्त्रालय | → | | | | | प्रतिष्ठानको स्थापना |
| | ९. सहकारी प्रशिक्षण प्रणालीको सुदृढीकरण र विस्तार | सहकारीसम्वद्ध मन्त्रालय | | → | | | | सुदृढ सहकारी प्रशिक्षण |
| | १०. प्रादेशिक तथा स्थानीय तहमा सहकारी व्यावसायिक तालिम | राष्ट्रिय सहकारी विकास बोर्ड | | → | | | | सहकारी व्यावसायिक तालिमको प्रसार |
| | ११. सहकारी नेतृत्व विकास तथा व्यावसायिक तालिमको प्रभावकारिताका लागि अनुगमन र मूल्यांकन व्यवस्थामा सुधार | राष्ट्रिय सहकारी विकास बोर्ड | | → | | | | तालिमको प्रभावकारिता हासिल |
| | १२.सहकारी उन्मुख औद्योगिक व्यवसाय प्रवर्द्धन तथा लगानी प्रवर्द्धन | उद्योग मन्त्रालय | | → | | | | सहकारीमा औद्योगीकरण र लगानी |
| | १३. ग्रामीण क्षेत्रमा | राष्ट्रिय सहकारी विकास | | → | | | | सहकारी कृषि |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सहकारी खेती तथा उद्यम प्रवर्द्धन र प्रोत्साहन | बोर्ड | | | | | | उद्यमको विकास |
| | १४.सहकारी प्रवर्द्धित विशेष आर्थिक क्षेत्रको स्थापना | उद्योग मन्त्रालय | | | ⇨ | | | विशेष आर्थिक क्षेत्र स्थापना |
| | १५.सहकारी उद्यम सम्भाव्यता अध्ययन र औद्योगिक परियोजना बैंक स्थापना | राष्ट्रिय सहकारी विकास बोर्ड | | | ⇨ | | | सहकारी उद्योग परियोजना बैंकको स्थापना |
| | १६.सहकारीका लागि उपयुक्त औद्योगिक प्रविधि विकासका लागि अनुसन्धान | राष्ट्रिय सहकारी विकास बोर्ड | | | ⇨ | | | सहकारीका लागि औद्योगिक प्रविधि विकास |
| | १७.सहकारी बैंकको सुदृढीकरण | राष्ट्रिय सहकारी विकास बोर्ड | | | ⇨ | | | सुदृढ सहकारी बैंक |
| | १८.सहकारी लगानी मन्चको स्थापना | सहकारीसम्वद्ध मन्त्रालय | | | | ⇨ | | सहकारी लगानी मन्चको स्थापना |
| | १९.सहकारी मार्फत युवा स्वरोजगार प्रवर्द्धन | राष्ट्रिय सहकारी विकास बोर्ड | ⇨ | | | | | सहकारीमा संलग्न हुने युवाका लागि रोजगारी |
| | २०.वैदेशिक रोजगारीबाट फर्केका युवाको व्यावसायिक दक्षताको उपयोग र प्रवर्द्धनका लागि आर्थिक पुनर्एकीकरण | सहकारीसम्वद्ध मन्त्रालय | | ⇨ | | | | वैदेशिक रोजगारीबाट फर्केका युवाको आर्थिक पुनर्एकीकरण |
| | २१.सहकारी उद्यम तथा रोजगारीका लागि वित्तीय तथा व्यवस्थापकीय प्रोत्साहन | अर्थ मन्त्रालय | | ⇨ | | | | सहकारीमा रोजगारीका लागि प्रोत्साहन |
| | २२.सहकारी रोजगार प्रवर्द्धन कोष स्थापना | सहकारीसम्वद्ध मन्त्रालय | | | ⇨ | | | सहकारी रोजगार प्रवर्द्धन कोषको स्थापना |
| | २३.सहकारी उद्यमको उत्पादकत्व अभिवृद्धि | राष्ट्रिय सहकारी विकास बोर्ड | | | | ⇨ | | सहकारीको उत्पादकत्व |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सहयोग कार्यक्रम | | | | | | | अभिवृद्धि |
| | २४.अनौपचारिक आर्थिक क्षेत्रमा सहकारीकरणको विस्तार | राष्ट्रिय सहकारी विकास बोर्ड | | | | → | | सहकारीको विस्तार |
| | २५.रोजगारीका आधारमा सहकारीलाई प्रोत्साहन | अर्थ मन्त्रालय | | → | | | | सहकारी प्रोत्साहन |
| | २६. वातावरणमैत्री उत्पादनमा सहकारीको क्षमता विकास | राष्ट्रिय सहकारी विकास बोर्ड | | → | | | | सहकारीमा वातावरणमैत्री क्षमता विकास |
| | २७. वित्तीय प्रोत्साहनलाई दिगो तुल्याउन प्रोत्साहन कोषको व्यवस्था | सहकारीसम्वद्ध मन्त्रालय | | → | | | | प्रोत्साहन कोषको स्थापना |
| | | | | | | | | |
| ***ख) मुलुकको सामाजिक तथा आर्थिक रुपान्तरणका लागि सहकारी क्षेत्रलाई सक्षम र सशक्त तुल्याउने ।*** | १. विषयगत र क्षेत्रगत विकासमा सहकारीलाई मूलप्रवाहीकरण गर्ने गरी क्षमता विकास | सहकारीसम्वद्ध मन्त्रालय | → | | | | | सहकारीको मूलप्रवाहीकरण |
| | २. संघीय, प्रादेशिक तथा स्थानीय तहको शासकीय संरचनामा सहकारी क्षेत्रलाई प्राथमिकीकरण | सहकारीसम्वद्ध मन्त्रालय | → | | | | | शासकीय संरचनामा सहकारीलाई प्राथमिकता |
| | ३. आर्थिक स्थायित्व र सन्तुलनका लागि सहकारी बजार प्रवर्द्धन कार्यक्रम | राष्ट्रिय सहकारी विकास बोर्ड | → | | | | | सहकारी बजार प्रवर्द्धन |
| | ४. समाजमा पछाडी परेका समुदायका लागि लक्षित समूह सहकारी प्रवर्द्धन र पहुंच अभिवृद्धि कार्यक्रम | राष्ट्रिय सहकारी विकास बोर्ड | → | | | | | समावेशी सहकारिता |
| | ५. दिगो जीवनयापनका लागि सहकारी प्रोत्साहन कार्यक्रम | राष्ट्रिय सहकारी विकास बोर्ड | → | | | | | दिगो जीवनयापनका लागि सहकारी उन्मुखता |
| | ६. सहकारीमा सार्वजनिक लगानी | सहकारीसम्वद्ध मन्त्रालय | → | | | | | सहकारीमा सार्वजनिक |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | प्रवर्द्धन कार्यक्रम | | | | | | | लगानी वृद्धि |
| | ७.सहकारी क्षेत्रको अग्रसरतामा लैंगिक समानता र सामाजिक समावेशीकरण अभियान | सहकारीसम्वद्ध मन्त्रालय | → | | | | | समावेशी सहकारिता |
| | ८. सहकारी मार्फत सामुदायिक आधारभूत सेवा विस्तार र पहुंच बृद्धि | राष्ट्रिय सहकारी विकास बोर्ड | → | | | | | सहकारीमा सेवाप्रवाह क्षमता |
| | ९. युवावर्गको सामाजिक तथा आर्थिक विकासमा सहकारीको परिचालन | राष्ट्रिय सहकारी विकास बोर्ड | → | | | | | युवा विकासमा सहकारी |
| | १०. प्राकृतिक स्रोतको संरक्षण र दिगो विकासका लागि सहकारीको क्षमता विकास | राष्ट्रिय सहकारी विकास बोर्ड | | → | | | | प्रकृतिमैत्री सहकारी |
| | ११. जलवायु परिवर्तन समानुकूलनमा सहकारीको योगदान वृद्धि | राष्ट्रिय सहकारी विकास बोर्ड | | → | | | | जलवायु समानुकूलनमा सहकारीको क्षमता विकास |
| | १२. सहकारी मार्फत खाद्य सुरक्षा कार्यक्रम | राष्ट्रिय सहकारी विकास बोर्ड | | → | | | | खाद्य सुरक्षामा सहकारी |
| | १३. सहकारी खेतीको आधुनिकीकरण र उत्पादन वृद्धि | सहकारीसम्वद्ध मन्त्रालय | | → | | | | सहकारी खेतीको प्रवर्द्धन |
| | १४. सामाजिक व्यवहार सुधारमा सहकारीको परिचालन | सहकारीसम्वद्ध मन्त्रालय | | → | | | | सामाजिक व्यवहार सुधारमा सहकारीको योगदान |
| | १५. स्थानीय तह सहकारिता प्रवर्द्धन | राष्ट्रिय सहकारी विकास बोर्ड | | → | | | | स्थानीय तहमा सहकारिता विस्तार |
| | | | | | | | | |
| ***(ग) सहकारीका*** | १. सहकारी साक्षरता | राष्ट्रिय सहकारी विकास | → | | | | | सहकारी |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ***सिद्धान्त र मूल्यको सम्वर्द्धन गरी सहकारी संस्कृतिको विकास गर्ने ।*** | तथा सचेतना विकास कार्यक्रम | बोर्ड | | | | | | सचेतना विकास |
| | २. सहकारी प्रलेख स्रोत केन्द्र स्थापना | राष्ट्रिय सहकारी विकास बोर्ड | → | | | | | सहकारी प्रलेख स्रोत केन्दको स्थापना |
| | ३. अनौपचारिक क्षेत्रमा सहकारी शिक्षा प्रवर्द्धन | राष्ट्रिय सहकारी विकास बोर्ड | → | | | | | अनौपचारिक क्षेत्रमा सहकारिता विस्तार |
| | ४. सहकारिता शिक्षा र प्रवर्द्धनका लागि सामुदायिक संस्था परिचालन कार्यक्रम | राष्ट्रिय सहकारी विकास बोर्ड | → | | | | | सहकारीमा सामुदायिक योगदान |
| | ५. महिला तथा युवाविशेष सहकारी संस्कृति प्रवर्द्धन | राष्ट्रिय सहकारी विकास बोर्ड | → | | | | | समावेशी आधारमा सहकारी संस्कृतिको विकास |
| | ६. सहकारी व्यवस्थापन विकास प्रतिष्ठान स्थापना | सहकारीसम्वद्ध मन्त्रालय | | → | | | | सहकारी व्यवस्थापन विकास प्रतिष्ठानको स्थापना |
| | ७.सहकारी संस्थामा कार्यसम्पादन तथा उत्पादकत्वमा आधारित व्यवस्थापन प्रणालीको सुदृढीकरण | राष्ट्रिय सहकारी विकास बोर्ड | | → | | | | सहकारीमा कार्यसम्पादन संस्कृति |
| | ८. अन्तर सहकारी संजाल विकास र सुदृढीकरण | राष्ट्रिय सहकारी विकास बोर्ड | | → | | | | सहकारीमा गुणग्राही संजाल |
| | ९. सहकारी निजी क्षेत्र साझेदारी प्रवर्द्धन कार्यक्रम | राष्ट्रिय सहकारी विकास बोर्ड | | → | | | | सहकार्य र साझेदारीको विकास |
| | १०. सहकारिता प्रवर्द्धनका लागि आमसंचारको उपयोग | राष्ट्रिय सहकारी विकास बोर्ड | → | | | | | सहकारीको व्यापकता वृद्धि |
| | ११. सहकारिताको विस्तारका लागि युवा लक्षित कार्यक्रम | राष्ट्रिय सहकारी विकास बोर्ड | → | | | | | सहकारीमा युवा योगदान |
| | १२. सहकारी सदस्य | सहकारीसम्वद्ध मन्त्रालय | → | | | | | सहकारीमा |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | तथा समूहमा सहकारी नैतिकता तथा व्यावसायिकताको विकास | | | | | | | नैतिकता र व्यावसायिकता |
| | | | | | | | | |
| ***(घ) सहकारी क्षेत्रमा संस्थागत क्षमता, स्वायत्तता, जवाफदेहिता र कानुनी परिपालनाका लागि सहकारी सुशासन कायम गर्ने ।*** | १. सहकारी नीति अनुसन्धान तथा सुधार योजना | सहकारीसम्वद्ध मन्त्रालय | → | | | | | सहकारी नीति क्षमता विकास |
| | २. सहकारी कानुनी सुधार कार्यक्रम | सहकारीसम्वद्ध मन्त्रालय | → | | | | | सहकारीमैत्री कानुन |
| | ३. सहकारी नियमनका लागि संस्थागत सुधार कार्यक्रम | सहकारीसम्वद्ध मन्त्रालय | | → | | | | सहकारी नियमन क्षमता विकास |
| | ४. सहकारी व्यवस्थापन दक्षता अभिवृद्धि कार्यक्रम | सहकारीसम्वद्ध मन्त्रालय | | → | | | | सहकारी व्यवस्थापन क्षमता विकास |
| | ५. सहकारी क्षेत्रमा स्वार्थको द्वन्द्वको व्यवस्थापन क्षमता सुदृढीकरण | सहकारीसम्वद्ध मन्त्रालय | | → | | | | सहकारीमा स्वार्थको द्वन्द्वको व्यवस्थापन क्षमता विकास |
| | ६. कार्यसम्पादन क्षमताका आधारमा सहकारी प्रोत्साहन कार्यक्रम | राष्ट्रिय सहकारी विकास बोर्ड | | | → | | | सहकारी प्रोत्साहन |
| | ७. सहकारी संस्थाका पदाधिकारीको नेतृत्व क्षमता विकास | राष्ट्रिय सहकारी विकास बोर्ड | → | | | | | सहकारीमा नेतृत्व क्षमता विकास |
| | ८. सहकारीमा संलग्नतासम्बन्धी मापदण्ड र आधार निर्धारण | सहकारीसम्वद्ध मन्त्रालय | | → | | | | सहकारीको स्तरीकरण |
| | ९. सहकारीमा सहभागिताका लागि आवश्यक नैतिक र व्यवसायिक क्षमता निर्धारण | सहकारीसम्वद्ध मन्त्रालय | → | | | | | सहकारीमा नैतिक क्षमता विकास |
| | १०. सहकारी संस्थाको अनुगमन र | सहकारीसम्वद्ध मन्त्रालय | | → | | | | सहकारी अनुगमन र |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | मूल्यांकन व्यवस्थाको सुदृढीकरण | | | | | | | मूल्यांकन क्षमता विकास |
| | ११. सहकारी संस्थाको सामाजिक लेखापरीक्षण | सहकारीसम्वद्ध मन्त्रालय | ⇨ | | | | | सहकारीमा सामाजिक जवाफदेहिता |
| | १२. सहकारी सदस्यको सामाजिक तथा व्यवसायिक सुरक्षा कार्यक्रम | सहकारीसम्वद्ध मन्त्रालय | ⇨ | ⇨ | | | | सहकारी सदस्यको सामाजिक सुरक्षा |
| | १३. सहकारीको संस्थागत तथा कार्यगत सुधार | सहकारीसम्वद्ध मन्त्रालय | | | | | | सहकारी संस्थाको क्षमता विकास |
| | १४. सहकारी सदस्यको क्षमता विकास तथा उपयोग कार्यक्रम | राष्ट्रिय सहकारी विकास बोर्ड | ⇨ | | | | | सहकारी सदस्यको क्षमताको उपयोग |
| | १५. सहकारी संस्थाको वित्तीय जोखिम नियन्त्रण क्षमता सुदृढीकरण | सहकारीसम्वद्ध मन्त्रालय | | ⇨ | | | | सहकारीमा वित्तीय जोखिम न्यूनीकरण |
| | १६. संस्थागत नियमनमा वित्तीय जोखिम व्यवस्थापनका मापदण्ड निर्धारण | सहकारीसम्वद्ध मन्त्रालय | | ⇨ | | | | सहकारीमा जोखिम व्यवस्थापन क्षमता विकास |
| | १७. सहकारी संस्था तथा सदस्यको सूचना प्रविधिसम्बन्धी क्षमता विकास | राष्ट्रिय सहकारी विकास बोर्ड | | ⇨ | | | | सहकारीमा सूचना प्रविधिको उपयोग र दक्षता वृद्धि |
| | १८. सहकारीमा सूचना प्रविधिको उपयोग क्षमता विकास | | | ⇨ | | | | सहकारीमा सूचना प्रविधिको उपयोग र दक्षता वृद्धि |
| | १९. सहकारी सूचना प्रविधि केन्द्र स्थापना | | | ⇨ | | | | सहकारी सूचना प्रविधि केन्द्रको स्थापना |

## ५.५ स्रोत परिचालन र लगानीको सुनिश्चितता

(क) यस रणनीतिक योजनाको कार्यान्वयनका लागि आवश्यक पर्ने वित्तीय स्रोतको व्यवस्थापनका लागि सार्वजनिक क्षेत्रको लगानी संरचनामा प्राथमिकता दिइनेछ र सहकारी क्षेत्रको कार्यसम्पादन प्रगतिका आधारमा सार्वजनिक स्रोत व्यवस्थापनको आकार फराकिलो तुल्याउँदै लगिनेछ । यसलाई संघ तह, प्रदेश तह र स्थानीय तहमा सामन्जस्य गरिनेछ ।

(ख) सहकारी क्षेत्रको लगानीलाई योजनावद्ध र व्यवस्थित तुल्याउन सहकारी लगानी प्रवर्द्धन योजना र लगानी मन्चको अवधारणा लागू गरिनेछ ।

(ग) सहकारी क्षेत्रलाई उद्यमशीलतामा आधारित बनाउन र मुलुकको औद्योगीकरणमा मुख्य भूमिका प्रदान गर्नका लागि सहकारी उद्यमशीलता प्रोत्साहन कोषको व्यवस्था गरी परिचालन गरिनेछ ।

(घ) सहकारी क्षेत्रको विकास, प्रवर्द्धन र विस्तारका लागि अन्तरराष्ट्रिय विकास समुदाय र सरोकारवालाको वित्तीय तथा प्राविधिक योगदानलाई प्रोत्साहन गरी सहयोग र सहभागिता परिचालन गरिनेछ । यसका लागि सहकारी विकास कोषको दायरा फराकिलो तुल्याइनेछ ।

(ङ) सहकारी क्षेत्रको विकासका लागि गरिने कुल लगानी (शेयर पुंजी र कार्यक्रम संचालनका लागि वित्तीय साधन) मध्ये सहकारी सदस्य र समुदायको ८० प्रतिशत र सरकारी निकायको २० प्रतिशत लगानी सुनिश्चित गरिनेछ ।

(च) रणनीतिक योजना अर्न्तगत हासिल गर्नुपर्ने क्षेत्रगत स्थीर लगानी (रु खर्बमा) को स्थिति देहाय बमोजिम हुने अनुमान गरिएको छः

# रणनीतिक योजना कार्यान्वयनका लागि वित्तीय साधनको प्रक्षेपण

| लगानीको क्षेत्र | रणनीतिक योजना कार्यान्वयनका लागि लगानी गरिने वित्तीय साधनको प्रक्षेपण (रु अर्बमा) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पहिलो ५ बर्ष | | | दोस्रो ५ बर्ष | | | तेस्रो ५ बर्ष | | | चौथो ५ बर्ष | | |
| | सहकारी | सरकारी | कुल | सहकारी | सरकारी | कुल | सहकारी | सरकारी | कुल | सहकारी | सरकारी | कुल |
| (क) कृषि सम्बन्धी सहकारी | ६८ | १७ | ८५ | १३३ | ३३ | १६६ | २२२ | ५६ | २७८ | ४३१ | १०८ | ५३९ |
| (ख) वचत तथा ऋण सहकारी | १९ | ५ | २४ | २० | ५ | २५ | २३ | ६ | २९ | २६ | ७ | ३३ |
| (ग) गैरकृषि सहकारी | ९४ | २३ | ११७ | १४६ | ३७ | १८३ | २८२ | ७१ | ३५३ | ४९८ | १२४ | ६२२ |
| (घ) सेवा मूलक सहकारी | ३१ | ८ | ३९ | ६३ | १६ | ७९ | १४२ | ३६ | १७८ | २९९ | ७५ | ३७४ |
| कुल स्थीर लगानी | २१२ | ५३ | २६५ | ३६२ | ९१ | ४५३ | ६६९ | १६९ | ८३८ | १२५४ | ३१४ | १५६८ |